# डढेलोका लागि तयार रहनुहोस्

क्वीन्सल्याण्डमा हरेक वर्ष डढेलो लाग्ने गर्छ। ती, मान्छेहरू, भवनहरू र वातावरणका लागि खतरनाक हुन्छन्। तपाईं अहिले नै तयार रहन आवश्यक छ।

## डढेलो लागेको बेला के गर्ने भनेर योजना बनाउनुहोस्

- डढेलो नजिकै आइपुगिसकेको छ भने घरबाट को-को निस्किने भन्नेबारे सोच्नुहोस्।
- तपाईं जान सक्नुहुने सुरक्षित ठाउँ निर्धारण गर्नुहोस्। त्यहाँ कसरी जाने भन्ने कुरा जान्नुहोस्।
- तपाईं सुरक्षित हुनुहुन्छ भनी बताउनको लागि आपतकालीन सम्पर्क बनाउनुहोस्।
- आफ्ना घरपालुवा जनावर र पशुपालनहरूका लागि योजना बनाउनुहोस्।

## कहिले निस्किने भनेर थाहा पाउनुहोस्

**आगोको खतराका दर्जाहरू (Fire Danger Ratings) पछ्याउनुहोस्।**

आगोको खतराका दर्जाहरू (Fire Danger Ratings) ले आगो लाग्न सुरू भयो भने कति खतरनाक हुन्छ भनेर बताउँछन्।




**मध्यम** - योजना बनाउनुहोस् र तयार रहनुहोस्  
**उच्च** - कदम चाल्न तयार रहनुहोस्  
**अत्याधिक** - अहिले नै कदम चाल्नुहोस् र निस्कनुहोस्  
**विनाशकारी** - डढेलोको जोखिम भएका क्षेत्रहरूबाट निस्कनुहोस्

qfes.qld.gov.au/fdr बाट थप जान्नुहोस्

**चेतावनीका संकेतहरू जान्नुहोस्।**

तपाईंले कहिलेकाहीँ डढेलोको चेतावनी देख्नु वा सुन्नुहुनेछ। यसको मतलब आगलागी सुरू भएको छ।

### सल्लाह

नजिकै आगो लागेको छ।  
तपाईंले थप जानकारी लिन आवश्यक छ।

### हेर्नुहोस् र कदम चाल्नुहोस्

आगो नजिकै लागेको छ।  
तपाईंको डढेलोको योजना बनाउन सुरू गर्नुहोस्।

### आपतकालीन चेतावनी

आगो अब यहाँसम्म आइसकेको छ।  
अहिले नै कदम चाल्नुहोस्।  
तपाईं खतरामा हुनुहुन्छ।

## जानकारी र चेतावनीहरू कता हेर्ने भनेर थाहा पाउनुहोस्



तपाईंको रेडियो सुन्नुहोस्:

- तपाईंको स्थानीय ए.बी.सी. स्टेसन खोज्नुहोस्।
  abc.net.au/newsradio
- तपाईंको स्थानीय व्यावसायिक स्टेसन खोज्नुहोस्।
  commercialradio.com.au

क्यु.एफ.इ.एस. लाई सामाजिक सञ्जालमा फलो गर्नुहोस्:

- फेसबुक @QldFireandEmergencyServices
- ट्विटर @QldFES



हालको डढेलोको नक्सा हेर्नुहोस्:

- qfes.qld.gov.au/Current-Incidents

## ठाँउ छोडेर जाँदा लैजाने सामग्री (इभ्याक्युएसन किट) लाई पोको पार्नुहोस्

- [ ] प्रत्येक व्यक्तिका लागि लुगाहरू
- [ ] पिउने पानी
- [ ] औषधि र प्रेस्क्रिपसनहरू
- [ ] रेडियो
- [ ] टर्च
- [ ] अतिरिक्त ब्याट्रीहरू
- [ ] मोबाइल फोन र चार्जर
- [ ] ऊनीका कम्बलहरू
- [ ] घरपालुवा जनावरका सामानहरू



- [ ] महत्त्वपूर्ण कागजातहरू:
  - आपतकालीन फोन नम्बरहरू
  - फोटो आई.डी. / राहदानी
  - बीमाका कागजातहरू
  - इच्छापत्र
  - पैसा
  - जन्मदर्ता र विवाहका प्रमाणपत्रहरू
  - फोटोहरू

**ठाँउ छोडेर जाँदा लैजाने सामग्री (इभ्याक्युएसन किट) सजिलै लिन सकिने ठाउँमा राख्नुहोस्।**

**qfes.qld.gov.au/bushfires मा हेरेर थप जान्नुहोस्**

अन्य भाषाहरूमा मद्दत पाउनको लागि **१८०० ५१२ ४५१** मा फोन गर्नुहोस् वा www.qld.gov.au/help/languages मा हेर्नुहोस्।

© क्वीन्सल्याण्ड राज्य (क्वीन्सल्याण्ड आगो र आपतकालीन सेवाहरू) २०२३
ग्राफिक र ट्रेडमार्कहरू बाहेक सबै सामग्री CC 4.0 अन्तर्गत इजाजतपत्र प्राप्त छन्।